नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
# पर्यटन विभाग
(..............पर्वतारोहण शाखा..............)

महानिर्देशकः- ५३४७०३७
प्रशासनः- ५३६२२२८ (निर्देशक)
भृकुटीमण्डप, काठमाडौं ।

पत्र संख्याः-
च.नं.:-

## प्रेस विज्ञप्ति

सन् २०२५ को वसन्त ऋतुमा सगरमाथा हिमाल आरोहणका लागि मिति २०८१/१२/२० गते Snowy Horizon Treks & Expedition Pvt. Ltd. एजेन्सी मार्फत यस विभागको अनुमती पत्र नंः २० वसन्त २०८१ मा अनुमति लिएका Mountaineering Asso. Of Krishnanagar- Snowy Everest Expedition -2025 पर्वतारोहण दलका सदस्य ४५ वर्षीय फिलिपिनी नागरिक Mr. PHILIPP II SANTIAGO (PP No. P6112785A) सगरमाथा हिमाल आरोहणका क्रममा क्याम्प- IV मा आराम गरिरहेको अवस्थामा अन्दाजी राती ७ देखी ८ बजेको समयमा मिति २०८२/०१/३१ तद्नुसार 14 May 2025 का दिन निधन भएको भनी सम्बन्धित एजेन्सी र सम्पर्क अधिकृतबाट जानकारी प्राप्त भएको छ।

त्यसैगरी यही वसन्त ऋतुमा कञ्चनजङ्घा हिमाल आरोहणका लागि मिति २०८२/०१/०३ गते Global Expedition Pvt. Ltd. एजेन्सी मार्फत यस विभागको अनुमती पत्र नंः ६९ वसन्त २०८२ मा अनुमति लिएका Global Kanchenjunga Exped Spring 2025 पर्वतारोहण दलका सदस्य ६३ वर्षीय फ्रान्सेली नागरिक Mrs. MARGARETA SOOS (PP No. 22CF99917) कञ्चनजङ्घा हिमाल आरोहणका क्रममा करिब ८४०० मि. उचाईमा पुग्दा High Altitude Sickness भई तल झर्ने क्रममा करिब ८००० मि. उचाइमा अन्दाजी बिहान ९.०० बजेको समयमा मिति २०८२/०१/२७ तद्नुसार 10 May 2025 का दिन निधन भएको भनी सम्बन्धित एजेन्सी र सम्पर्क अधिकृतबाट जानकारी प्राप्त भएको छ। विभागले मृत शरीर काठमाडौं ल्याउन सम्बन्धित एजेन्सीसँग निरन्तर समन्वय र सहजीकरण गरिरहेको बेहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

विभाग मृतकप्रति हार्दिक श्रदाञ्जली तथा शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ।

मितिः२०८१/०२/०१

नेपाल संवतः ११४५

(लिलाधर अवस्थी)
सूचना अधिकारी/निर्देशक

CamScanner

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
## पर्यटन विभाग
(.........पर्वतारोहण शाखा.........)

महानिर्देशकः- ५३४७०३७
प्रशासनः- ५३६२२२८ (निर्देशक)
भृकुटीमण्डप, काठमाडौं।

पत्र संख्याः-
च.नं.:-

सूचना

सन् २०२५ को वसन्त ऋतुमा अन्नपूर्ण (Annapurna I) हिमाल आरोहणका लागि मिति २०८१/१२/१३ गते Seven Summit Treks Pvt. Ltd. एजेन्सी मार्फत यस विभागको अनुमती पत्र नं. ११ वसन्त २०८१ मा अनुमति लिई पर्वतारोहण दलका सदस्यको साथमा उचाई कामदारको रुपमा गएका जिल्ला सोलुखुम्बु नाम्चे-७ र जुभिङ- ५ स्थायी ठेगाना भएका वर्ष ३२ का ङिमा टसी शेर्पा (ना.प्र.नं. ११२००१/५१) र वर्ष २८ का रिमा रिञ्जे शेर्पा (ना.प्र.नं. ११-०१-७१-०१९३४) मिति २०८१/१२/२५ का दिन अन्दाजी बिहान ११.३० बजे करिब ५७०० मि. उचाईमा हिमपहिरोमा परि बेपत्ता भएको भनी सम्बन्धित एजेन्सी र सम्पर्क अधिकृतबाट जानकारी प्राप्त भएको छ। विभाग निजहरुको खोजी कार्यमा संलग्न सबैमा धन्यवाद व्यक्त गर्दै यसै सूचनामार्फत सम्बन्धित एजेन्सीलाई निरन्तर खोजी कार्य जारी राख्न समेत अनुरोध गर्दछ।

मितिः२०८१/१२/२६

नेपाल संवतः ११४५

(लिलाधर अवस्थी)
सूचना अधिकारी/निर्देशक

CamScanner